# बाईसौ वार्षिक साधारण सभाको
# निर्णय (माईन्युट) को विवरण

## महालक्ष्मी विकास बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## दरबारमार्ग, काठमाडौ

## महालक्ष्मी विकास बैंक लिमिटेडको बाईसौ वार्षिक साधारण सभाको निर्णय

१ कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम यस महालक्ष्मी विकास बैंक लि.को बाईसौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल र निर्णय गरीयो ।

२ **सभाको मिति, समय र स्थान**

मिति : २०८० साल पौष महिना २८ गते शनिबार (तदअनुसार १३ जनवरी, २०२३) ।

समय : विहान १० बजे ।

स्थान : लैनचौर ब्याङ्केट, नेपाल स्काउट कम्पाउण्ड, लैनचौर, काठमाडौं ।

सभा सम्पन्न : दिनको १२:३० बजे

३. **सभाको सुचना प्रकाशन**

(क) यस बैंकको संचालक समितिको मिति २०८०/९/६ (तद्नुसार २२ डिसेम्बर, २०२३) गते बसेको सञ्चालक समितिको ५८० औ बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको प्रतिबेदन सहितको वार्षिक साधारण सभाको सुचना शेयरधनी महानुभावहरुले उपलब्ध गराएको ठेगानामा पठाई सो बमोजिमको जानकारीका लागी बैंकको वेभसाईड www.mahalxmibank.com.np मा राखीएको र मिति २०८०/९/७ गतेको अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिक तथा पुनः मिति २०८०/९/१९ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रीकामा विषयसुची सहितको सूचना र कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त वार्षिक आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

(ख) कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिबेदन, कम्पनीको वित्तीय विवरणहरु, साधारण सभा बस्ने बारेको प्रकाशित सार्बजनिक सूचनामा शेयरधनीहरुको जानकारीका लागी कम्पनी ऐन २०६३ को दफा ८४ को प्रयोजनार्थ वित्तीय विवरण समेत प्रकाशित गरीएको साथै शेयरधनीहरुको ठेगानामा समेत पठाईएको थियो ।

(ग) साधारण सभामा पयवेक्षकको रुपमा उपस्थितिका लागी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि, र श्री सिडिएस एण्ड क्लियरीङ्ग लि.लाई अनुरोध गरी पत्राचार गरीएको ।

(घ) आमन्त्रीतको रुपमा लेखापरीक्षक J.B.Rajbhandary & Dibins, Chartered Accountants लाई अनुरोध गरी पत्राचार गरीएको ।

४. **छलफलका विषयहरु**

(क) **सामान्य प्रस्तावहरु :–**

(१) अध्यक्षज्युको मन्तव्य सहित बाईसौ वार्षिक साधारण सभा (आ.व.२०७९/०८०) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारीत गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०७९/०८० को नाफा नोक्सान हिसाव एबं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध बित्तीय विवरण सहितका अनुसूचीहरु पारीत गर्ने ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७९/०८० सम्मको मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रु.४,१७,१३,१८,६००/– (चार अरब सत्र करोड तेह्र लाख अठार हजार छ सय मात्र) को ६.४० प्रतिशतले हुन आउने रु.२६,६९,६४,३९०/४०(अक्षरेपी

छब्बीस करोड उनान्सत्तरी लाख चौसट्ठी हजार तिन सय नब्बे र पैसा चालीस मात्र) नगद लाभांस (लाभांसमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने । J.B.Rajbhandary & Dibins, Chartered Accountants पुनः नियुक्त हुन सक्नुहुनेछ ।

(५) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने ।

(ख) **बिशेष प्रस्तावहरु :–**

(१) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ र अन्य प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई विदेशी बैंक वा वित्तीय संस्थालाई रणनीतिक साझेदारको रुपमा भित्र्याउने तथा विदेशी बैंक वा अन्य उपयुक्त संस्थालाई बैंकको शेयर बिक्री वा हस्तान्तरण गर्न सकिने भनी प्रवन्धपत्रको दफा ७ (झ) लाई संशोधन/परिमार्जन गर्ने र उक्त संशोधन/परिमार्जन भएपछि रणनीतिक साझेदार ल्याउनका लागी आवश्यक पर्ने सम्पूर्ण व्यवस्थाको कार्यान्वयन गर्न गराउन बैंकको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

(२) सञ्चालक समितिको बैठक भत्ता,दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने प्रस्ताव पारीत भए पश्चात नियमावलीको नियम २९ (ख) को (१) (२), नियम २९ (घ) को (अ) (आ) मा संशोधन/परिमार्जन गर्ने ।

(३) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था संबन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम विकास बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

५. **सभामा उपस्थिति**

(क) **सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री राजेश उपाध्याय | अध्यक्ष |
| श्री संजय गिरी | सञ्चालक |
| श्री दिपक कुमार रौनीयार | सञ्चालक |
| श्री श्याम सुन्दर रुङ्गटा | सञ्चालक |
| श्री रुपेन्द्र पौडेल | सञ्चालक |
| श्री राहुल अग्रवाल | सञ्चालक |
| श्रीमती अम्बिका श्रेष्ठ | सञ्चालक |

(ख) **अन्य पदाधिकारीको उपस्थिति**

| | |
|---|---|
| श्री बोधराज देबकोटा | प्रमुख कार्यकारी अधिकृत |
| श्री सोमराज पन्त | कम्पनी सचिव |
| श्री दिपेश लम्साल | बरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| श्री जलज कुमार शर्मा | सहायक प्रमुख कार्यकारी अधिकृत |



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

| | |
|---|---|
| श्री किरण डंगोल | प्रतिनिधि, लेखि परिक्षक |
| श्री खेम प्रसाद खतिवडा | प्रतिनिधि, कानूनी सल्लाहकारको तर्फबाट |
| श्री गणेश श्रेष्ठ | संस्थागत शेयरधनि प्रतिनिधि–कर्मचारी संचय कोष |

(ग) **शेयरधनीहरुको उपस्थिति**

१. उपस्थित शेयरधनीहरुको संख्या : ६९२ जना
   (क) शेयरधनी स्वंयमबाट : ५४६ जना
   (ख) प्रतिनिधि (प्रोक्सी) बाट : १४६ जना
२. शेयरधनिहरुको उपस्थिति प्रतिशत : ०.७३११ प्रतिशत
३. शेयरको प्रतिनिधित्व संख्या : २,२२,८७,४०१ कित्ता
४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ५३.४३०१ प्रतिशत अर्थात ६९२ जना

(घ) यस सभाको मिति २०८०/९/१८ सम्ममा शेयर कारोबार भई सहभागी हुन पाउने शेयरधनीहरु संस्थापक तथा सर्वसाधारणको कुल संख्या ९४,६४९ मध्ये शेयरधनीहरुको स्वयं उपस्थितिबाट ५४६ जना तथा प्रतिनिधि (प्रोक्सी) मार्फत १४६ जनाको उपस्थिति रहेको थियो ।

६ **गणपुरक संख्या**

| बिवरण | कुल संख्या | स्वंयम उपस्थिति | प्रतिनिधि | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनि संख्या | ९४,६४९ फयाक्सन सहित | ५४६ | १४६ | ६९२ | ०.७३११ |
| कम्पनीको शेयर संख्या | ४,१७,१३,१८६ | १७,५७,०८० | २,०५,३०,३२१ | २,२२,८७,४०१ | ५३.४३०१ |

७. **सभाको बैधानिकता तथा सभापतित्व :-**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम विकास बैंकको वाईसौ वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा विकास बैंकको नियमावलीको नियम (५) बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित भएमा गणपुरक संख्या पुग्ने प्रावधान रहे अनुरुप शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या उपरोक्त ऐन र बैकको नियमावलीमा उल्लेख भए बमोजिम प्रचलित कानुन अनुसार सञ्चालन भएको साधारण सभामा गणपुरक संख्या पुगेको ब्यहोरा अध्यक्षको आदेशानुसार कम्पनी सचिवले सभालाई अवगत गराउनु भयो साथै सभाले गणपुरक संख्या पुगेको मन्जुर गर्दै पुर्ब सुचित सभाको निर्धारीत बिषयसूचीको क्रमानुसार जान र तत् सम्बन्धमा बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम सभा सञ्चालन गरी कारबाही अगाडी बढाउन सभाले अनुमती दियो ।

८. **सभाको अध्यक्षता र सभा सञ्चालन**

कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा १ बमोजिम साधारण सभाको अध्यक्षता बैंक सञ्चालक समितिका अध्यक्ष श्री राजेश उपाध्यायज्यूबाट भयो । कम्पनी सचिवले अनुरोध गरे बमोजिम अध्यक्ष, सञ्चालकहरु लगायतका पदाधिकारीले सभामा आसन ग्रहण गर्नुभयो । तत्पश्चात अध्यक्षज्यूबाट सभा सञ्चालन गर्नुभयो ।

९. **स्वागत मन्तब्य**

बिकास बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री वोधराज देबकोटाले सभामा उपस्थित हुनु भएका सम्पुर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै । बैंकको समग्र स्थितिलाई अध्ययन गर्दा हालको बिषम परिस्थितिमा समेत बैंकले राम्रो प्रगती गरिरहेको र बैंकले आफ्नो कर्जा असुलीलाई तदारुकताका



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

साथ अगाडी बढाएकोले आगामी दिनमा शेयरधनी महानुभावहरुलाई अझ बढी प्रतिफल दिने गरी बैंकको समग्र काम कारबाही अगाडी बढीसकेको ब्यहोरा अनुरोध गर्दे बैंकका सञ्चालकज्यूहरु सभामा भागलिन पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायतका सम्पूर्ण उपस्थित महानुभावहरुलाई वार्षिक साधारण सभामा स्वागत गर्दै आफ्नो भनाई राख्नु भयो ।

१०. सभाको उद्घाटन

बाईसौ वार्षिक साधारण सभाको उद्घाटन बैंक सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्ष श्री राजेश उपाध्यायज्यूबाट पानसमा दिप प्रज्वलन गरी गर्नु भयो ।

११ अध्यक्षज्युको मन्तब्यको मुख्य बुदाहरु

बैंकले व्यावसाय बृद्धि संगै संस्थागत शुशासन, आन्तरीक नियन्त्रण प्रणाली सुदृढ गर्दै समग्र रुपमा बैंकिङ्ग क्षेत्रमा देखिने जोखिम व्यवस्थापनलाई न्यूनीकरण गर्ने तर्फ बिशेष ध्यान दिई कार्य अगाडी बढाईरहेको छ। बैंकले सामाजिक उत्तरदायीत्व अन्तर्गत समाजसंग जोडिएर काम गर्ने र समुदायहरुको दिगो आर्थिक र सामाजिक विकासको प्रवर्द्धन र उत्थानमा अग्रसर हुने नीतिलाई प्राथमिकतामा राखी बैंकको शाखाहरुबाट बिभिन्न कार्यकमहरु सञ्चालन गर्दै आइरहेको र यसलाई निरन्तरता दिईनेछ ।

ग्राहकको सन्तुष्टी नै कुनै पनि ब्याबसायीक संस्थाको सफलता हो भन्ने कुरालाई मनन् गर्दै बैंकिङ्ग सेवालाई सबल तथा आधुनिकीकरण बनाउन Digital Transformation योजनालाई स्वीकृत गरि कार्ययोजना अगाडि बढाईएको छ । आजको बैकिङ्ग ३६५ दिन र २४ सै घण्टा डिजिटल माध्यमबाट संचालन हुने हुदा बैंकले सो कुरालाई आत्मसाथ गर्दै ग्राहकको सेवामा निरन्तर जुटिरहेको छ । सूचना प्रविधि नै आधुनिक बैंकिङ्गको आधारशिला तथा ग्राहक वर्गहरुको सन्तुष्टिको मुख्य आधार भएको कुरालाई मनन् गर्दै सुचना प्रविधिलाई सबल र विश्वसनीय बनाउनका लागि आवश्यक निति तर्जुमा गरि सुचना प्रबिधि, जोखिम व्यवस्थापन र कर्मचारी व्यवस्थापनलाई सुदृढिकरण गर्दै लगिएको छ । यसै सन्दर्भमा बैंकले आफ्ना ग्राहकहरुलाई केडिट कार्डको सेवा समेत प्रदान गरिरहेको जानकारी गराउँन चाहान्छु ।

सरकारी राजश्वमा कमि, ने.रा.बैंकको कर्जा लगानी सम्बन्धी नीतिमा आएको कडाईका कारण आर्थिक कृयाकलापहरु प्रभावित भै व्यवसाय विस्तारमा कमि देखिएका कारण शाखा बिस्तारको कार्य यस आ.व.मा स्थगित गरिएको भएतापनि आर्थिक कृयाकलापहरु बृद्धि हुदै गएमा शाखा विस्तारको कार्यलाई निरन्तरता दिईने ब्यहोरा जानकारी गराउन चाहन्छु । बैंकले प्रदेशगत स्तरमा आफ्नो सेवालाई बिस्तार गर्न ८ स्थान ईटहरी, बिरगंज, नारायणगढ, काठमाडौ, पोखरा, भैरहवा, नेपालगञ्ज, धनगढीमा प्रदेश कार्यालयहरु स्थापना गरि सञ्चालनमा रहेको ब्यहोरा जानकारी गराउँन चाहन्छु ।

बैंकलाई थप प्रतिष्पर्धि तथा सबल बनाउने सन्दर्भमा उपयुक्त बिदेशी बैंक तथा वित्तीय संस्थालाई रणनितिक साझेदारका रुपमा प्रवेश गराउन आवश्यक तयारीका लागि २१ औ वार्षिक साधारण सभाबाट प्रस्ताव स्वीकृत भएको र त्यसलाई निरन्तरता दिदै यस सभामा समेत सो प्रस्ताव पेश गरिएको जानकारी गराउन चाहन्छु ।

उत्कृष्ट र विश्वासिलो विकास बैंक बन्ने उद्देश्यका साथै **"सबल बैंक सफल सहकार्य"** भन्ने नारालाई चरितार्थ गर्न बैंकले व्यवसाय बृद्धि, मानव संशाधनको विकास तथा आधुनिकिकरण, कर्मचारीहरुको बृत्ति विकास तथा तालीम, संस्थागत सुशासन, जोखिम व्यवस्थापन, नीति तथा कार्याबिधिको पुर्ण परिपालना, Branding मा जोड, अन्य संस्थाहरु संगको सहकार्य, लगायतका बिषयहरु समेटि ४ बर्षे रणनितिक योजना स्वीकृत गरी कार्य अगाडी बढाई सकिएको ब्यहोरा अवगत गराउन चाहन्छु ।

यस पटक नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ५० करोड थप प्रोभिजन गर्नु परेकोले लाभांशमा केही कमी आएकोछ । बैंकले क्षणिक नाफा देखाउने भन्दा पनि दिर्घकालसम्म स्वस्थ र स्थापित हुने रणनिति लिएको र हाल बजारमा चलेको बैंकको कर्जा मिन्हाजस्ता अफवाहका कारण बैंकको कर्जा

असुलीमा असहजता देखिए पनि सो असहजतालाई पन्छाउँदै इमान्दारी र मेहनतपूर्वक काम गर्न बैंक व्यवस्थापनलाई निर्देशन दिएकोछु । बैंकले ज्ञानेश्वरमा रहेको आफ्नो जग्गामा भवन बनाउने काम शिघ्र सम्पन्न गर्नेमा म विस्वस्तछु । सिधै पहाडको टुप्पामा ओर्लनको सट्टा हिंडेरै पहाड चढ्न सक्ने गरी बैंकलाई स्थापित गरिने व्यहोरा जानकारी गराउन चाहन्छु ।

यस बैंकले आ.व.२०७९/०८० सम्मको मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी को ६.४० प्रतिशतले हुन आउने रकम नगद लाभांस वितरण गर्ने प्रस्ताव पेश गरेका छौ । समग्र आर्थिक गतिविधिमा आएको संकुचनबाट ब्याबसाय बृद्धिमा कमि, ब्याज बृद्धि, कर्जा जोखिम ब्यवस्थापनका लागि प्रोभिजिनिङ्गमा बृद्धि भए समेतको कारणले गत बर्षको तुलनामा लाभाशंमा कमि आएको ब्यहोरा अनुरोध गर्दछु ।

बैंकको पुँजीकोष समेतलाई मध्यनजर गर्दै प्रति ऋणपत्र अंकित मुल्य रु..१०००/– को १० लाख कित्ता बराबरको कुल रकम रु..१,००,००,००,०००/–(अक्षरेपी एक अरब) को "महालक्ष्मी डिबेन्चर-२०८९" जारी गरिसकिएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

समग्र व्यवसायको वृद्धिमा कमी देखिएको छ र बैकिङ्ग प्रणालीको निष्कृय कर्जा अनुपात केही बढेको छ । आन्तरीक कारणहरुले समेत अर्थतन्त्रमा परेको प्रभावका कारण नेपालको अर्थतन्त्रमा समेत यसले प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव पारेको छ । जसका कारण लगानी योग्य श्रोतहरुमा संकुचन आएको र लक्षीत आर्थिक वृद्धि दर हासिल गर्ने दिशामा समेत थप चुनौती सिर्जना भएको छ । बजार बृद्धि अनुपात न्युन रहेको र नियमन निकायको नीतिगत व्यवस्था समेतका कारण अत्यावश्यक बाहेक हामीले सम्भव भएसम्म खर्चहरु घटाउने नीति अवलम्बन गरेका छौ । खर्च र पूँजी दुवैको व्यवस्थापनमा कुशलता कायम गरेका कारण बैंकिङ्ग क्षेत्रमा रहेको तीव्र प्रतिस्पर्धाका बीच पनि यस बैंकले वित्तीय क्षेत्रमा आफ्नो सफल तथा फरक पहिचानलाई निरन्तरता दिन सक्षम रहेको यहाँहरुलाई विदितै छ ।

यस आर्थिक बर्षमा आशातीत ब्याबसाय बृद्धि हुन नसकेतापनि यस बैंकको सबै आधारभूत सूचकाङ्कहरु सबल रहेको तथा "To Be The Most Trusted Bank" भन्ने हाम्रो Vision प्राप्तिको दिशामा बैंक अघि बढिरहेको जानकारी गराउन चाहन्छु ।

१२ <u>सभामा प्रतिबेदन सहित पेश भएका प्रस्ताव र छलफलका लागी आह्वान</u>

आज बसेको बैंकको बाइसौं बार्षिक साधारण सभाको अध्यक्षता गर्नु हुने बैंकका अध्यक्ष श्री राजेश उपाध्यायज्यूले सभामा उपस्थित सबै महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य सहित आ.व २०७९/८० को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात, तथा आ.ब.२०७९/८० को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु, आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण, लगायत सभामा पेश गरीएका सामान्य प्रस्ताव र बिशेष प्रस्तावका बिषयहरु छलफलका लागी सभामा पेश भएकाले सो उपर छलफलमा भाग लिन र यस बैकको कारोबार सम्बन्धी बिबिध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागी शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

१३. <u>छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु</u>

यस बैंकको काम कारबाही, बार्षिक हरहिसाब, तथा बार्षिक प्रतिबेदनमा रहेका बिभिन्न प्रस्तावहरु माथी सभामा उपस्थित भै बोल्नु हुने तथा लिखित मन्तव्य पेश गर्नु हुने शेयरधनी महानुभावहरु क्रमस :

(क) श्री शत्रुघन श्रेष्ठ (ख) श्री नरसिंहलाल चखूं (ग) श्री चन्द्र नारायण श्रेष्ठ (घ) श्री शत्रुघन श्रेष्ठ
(ङ) श्री उत्तम दत्त पाण्डे (च) श्री गुणराज भट्ट (छ) ई. वैजुनाथ रौनियार (ज) श्री ब्यास कुमार शर्मा
(झ) श्री सुदिप श्रेष्ठ (ञ) श्री डमरु बल्लभ घिमिरे (ट) श्री लवराज जोशी (ठ) श्री उत्तम पाठक



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

(ड) श्री महेन्द्र बहादुर श्रेष्ठ (ढ) मेजर कुबेर श्रेष्ठ (ण) श्री अच्युत राज शर्माले सभामा व्यक्त गर्नु भएको राय, सल्लाह, सुझाव तथा शेयरधनीहरुले लिखित रुपमा पेश गर्नु भएको राय सुझावहरु समष्टिगत रुपमा निम्न बमोजिम रहेको छः-

विगत २ बर्ष देखि बैंकिङ्ग क्षेत्रमा जटिल अवस्था देखिएको छ । यस्तो अवस्थामा समेत बैंकले ६.४० प्रतिशत लाभांश दिन सकेकोमा धन्यवाद दिन चाहन्छौं । बैंकको वित्तीय विवरणमा मौद्रिक विवरण समेत उल्लेख भएकोमा राम्रो लागेकोछ । बैंकले कर्जा तथा निक्षेप बढाउन सफल रहेको भएतापनि नाफा बढाउन नसकेको देखिन्छ । देशका ठूला बैंकहरुसंग प्रतिष्पर्धा गरी कर्जा लगानी बढाउन सफल रहेकोमा धन्यवाद दिंदै कर्मचारी वर्गको अधिकतम सेवा प्राप्त गरी आगामी बर्ष डवल डिजिटमा लाभांश वितरण गर्न सक्ने योग्य बैंक बनाउन सुझाव दिन्छौं । बजारमा देखिएको बैंक प्रतिको अफबाह र नियमन निकायको नीतिगत व्यवस्थालाई सहज रुपमा ग्रहण गरी कर्जा असुली प्रकृयालाई अगाडी बढाउन सके बैंकको नाफामा बृद्धि हुने देखिएकोले त्यस तर्फ बैंकले ध्यान जानु आवश्यक छ । आफ्नै कर्पोरेट भवन निर्माण गर्न सके भाडा रकम वचत हुने र गुणस्तरिय सेवा प्रवाह गर्न सकिने थियो । अन्तर्राष्ट्रिय स्तरमा परिचित र राम्रो विदेशी कम्पनी वा लगानीकर्तालाई बैंकमा ल्याउन अनुरोध गर्दछौं । बैंकको NPL बढेकोले सो घटाउने उपायको खोजी गर्न, मानवश्रोत व्यवस्थापन, कर्मचारी तालिम र योग्य कर्मचारीलाई बैंकमा नै काम गर्ने वातावरण तयार गर्न, ऋण नतिर्ने ऋणीहरुको नामनामेसी प्रकाशित गर्न, बैंक विरुद्धको मुद्दाहरुका बिषयमा दायीत्वको विवरण प्रस्तुत गर्न समेत अनुरोध गर्दछौं ।

१४ **शेयरधनीहरुको जिज्ञासा उपर अध्यक्षज्यूबाट जवाफः**

यस सम्बन्धमा शेयरधनीहरुले आ–आफ्नो सल्लाह, सुझाव, मन्तब्य राख्ने कार्य समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनीहरुबाट प्राप्त अमुल्य सल्लाह, सुझाव प्रति धन्यवाद दिदै प्राप्त सल्लाह, सुझाव बमोजिम बैंक अगाडि बढने विश्वास दिलाउदै सभामा उठेका प्रश्नहरुको निम्न बमोजिम जवाफ दिनु भयो ।

शेयरधनीहरुवाट आएको मुख्य सुझावमा बैंकको व्यवसाय बृद्धि गरी हालको बिषम परिस्थितिमा कर्जा असुली प्रकृयालाई अगाडी बढाउनु पर्ने कुरामा जोड दिएको पाइयो । अवश्यपनि संस्थाले मुनाफालाई आफ्नो पहिलो प्राथमिकतामा राख्नै पर्छ । यस कार्यमा हाम्रो केही कमी देखिएको भएतापनि यसमा सुधार गर्न लागी परेका छौ । बैंकको मुख्य आम्दानीको श्रोत भनेको नै ऋणीहरुले बुझाउने व्याज आम्दानी नै भएकोले बजारमा देखिएको बैंकको ऋण तिर्न नपर्ने भन्ने अफवाह क्षणिक रुपमा रहने र बैंक अबिछिन्न रुपमा चल्ने संस्था भएकोले सवैभन्दा पहिला आफ्ना ग्राहक, त्यसपछि कर्मचारी, शेयरधनी सवैको दिर्घकालीन चासोलाई सुरक्षा गर्नको लागि आजैबाट कार्य गर्न व्यवस्थापनलाई निर्देशन दिन्छु । देशको समग्र आर्थिक गतिविधिमा आएको शिथिलत, नियमन निकायको निर्देशन तथा प्रोभिजनमा केही रकम छुट्याउनु परेको कारण यो बर्षको आम्दानीमा केही कमी आएको हो । जस्ले गर्दा दोहोरो अंकमा दिई आएको लाभांशको दर केही घट्न गएको भएतापनि आगामी बर्षहरुमा हामी दोहोरो अंकमा शेयरधनीहरुलाई लाभांश वितरण गर्न प्रयासरत हुनेछौ । बैंकको कर्जा असुलीलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेका छौं । NPA घटाउन योजना बनाई व्यवस्थापनले कार्य गरीरहेकाले NPA घटने विश्वास लिएको छु । गैह्र बैंकिंग सम्पत्ती बिकी हुने कममा रहेकोले सो बाट प्राप्त रकम रिर्जभमा जाने र नाफामा समाबेश हुने भएकाले त्यस तर्फ बिशेष जोड दिएका छौ । मानब संसाधन बैंकको मेरुदण्ड भएकाले राम्रो कर्मचारीहरुलाई Incentive बितरण गर्ने नीति लिएको र तालीमको उचीत प्रबन्ध मिलाएका छौं । आगामी बर्ष देखि बैंकको वार्षिक साधारण सभा चांडों गर्न प्रयास गरिनेछ । हालसम्म कर्जा असुलीका सम्वन्धमा देखिएका सामान्य मुद्दाहरु बाहेक बैंकलाई दायीत्व पर्ने खालका मुद्दाहरु नरहेको जानकारी गराउन चाहन्छु ।



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

शेयरधनीहरुको उचित सल्लाह, सुझावले आगामी दिनमा बैंकले अझै प्रगति गर्दै जानेछ भन्ने विश्वास लिदै शेयरधनीहरुले साधारण सभामा उपस्थिति भै आफ्नो अमुल्य समय दिई बैंकलाई सल्लाह, सुझाव दिएकोमा धन्यवाद दिन चाहान्छौ । यहाहरुको सल्लाह, सुझावलाई आत्मसाथ गरी अगाडि बढने छौं । अन्तमा उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकहरु, कर्मचारी वर्ग, सबैलाई धन्यबाद दिदै सभामा पेश भएका प्रस्तावहरु पारीत गर्न आदरणीय शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछु ।

१५ **छलफलको क्रम समाप्ती :** शेयरधनीहरुले राखेको जिज्ञासा, सल्लाह, सुझावहरुको सम्बन्धमा सभाका अध्यक्षले जबाफ दिनु भए पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले छलफलका बिषयबस्तुहरु समाप्त भएको सभालाई जानकारी गराउनु भयो ।

१६ **सभामा पेश भएका प्रस्ताव र पारीत निर्णयहरु**

(क) **सामान्य प्रस्ताव**

(१) अध्यक्षज्यूको मन्तब्य सहित बाईसौं वार्षिक साधारण सभा (आ.व.२०७९/८०) को प्रयोजनका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा अध्यक्षज्यूले निर्णयार्थ सभामा पेश गर्नु भएकोमा उक्त प्रस्ताव शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात तथा आ.ब. २०७९/८० को नाफा नोक्सान हिसाव एबं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय विवरण सहितका अनुसुचीहरु पारित गर्ने सम्बन्धमा पेशभएको प्रस्ताब छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७९/०८० सम्मको मुनाफा रकमबाट हाल कायम रहेको चुक्ता पूँजी रु.४,१७,१३,१८,६००/– (चार अरब सत्र करोड तेह् लाख अठार हजार छ सय मात्र) को ६.४० प्रतिशतले हुन आउने रु.२६,६९,६४,३९०/४० (अक्षरेपी छब्बीस करोड उनान्सत्तरी लाख चौसट्ठी हजार तिन सय नब्बे र पैसा चालीस मात्र) नगद लाभांस (लाभांसमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्ने प्रस्ताव छलफल पश्चात शेयरधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(४) बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षण गर्न बाहय लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुदा लेखापरीक्षण समितिबाट आ.व.२०८०/८१ का लागी बाहय लेखापरीक्षकमा सिफारीस भएका श्री J.B.Rajbhandary & Dibins, Chartered Accountants लाई नियुक्ति गर्ने र पारीश्रमिक बापत रु ११,००,०००/– (एघार लाख मात्र) (कर बाहेक) भुक्तानी दिने सिफारीस सहितको प्रस्तावलाई छलफल पश्चात शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

| Details of Auditor | Audit Fee |
|---|---|
| J.B.Rajbhandary & Dibins, Chartered Accountants | Annual Audit Fee NPR 11,00,000.00 (Rupees Elevan Lakhs only Including all out of pocket expenses) exclusive of VAT, and inclusive of Certification of tax audit, long form audit report, certification of section 78 of companies Act, and the compliance Report. |

(५) सञ्चालक समितिको बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने सम्बन्धी निम्न बमोजिमको प्रस्तावलाई ***(२१ औ वार्षिक साधारण सभामा पेश गरेको प्रस्तावलाई नै प्रस्ताव गरिएको)*** छलफल पश्चात सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

<u>सञ्चालकको बैठक भत्ता र अन्य सुविधा सम्बन्धी व्यवस्था:</u>

**नियम २९** (ख) को (१) (२) :– समितिको बैठकमा उपस्थित भए, वापत संचालकले पाउने बैठक भत्ता र सुबिधा देहाय बमोजिम हुनेछ :

(१) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता कमस रु.१५,०००/- (अक्षरेपी पन्ध्र हजार मात्र) र रु.१३,००००/– (अक्षरेपी तेह्र हजार मात्र) हुनेछ ।

(२) अध्यक्ष र सञ्चालकहरुलाई टेलिफोन सुबिधा बापत मासीक रु.४,०००/– (अक्षरेपी चार हजार मात्र), पत्रपत्रीका सुबिधा वापत मासीक रु.३,०००/– (अक्षरेपी तिन हजार मात्र), र ईन्टरनेट सुबिधा बापत मासीक रु.४,०००/–(अक्षरेपी चार हजार मात्र) रकम प्रदान गरीनेछ ।

<u>सञ्चालकको दैनिक भत्ता, भ्रमण खर्च र अन्य सुविधा सम्बन्धी व्यवस्था:</u>

**नियम २९.** (घ) विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा देहाय बमोजिम हुनेछ :–

(अ) स्वदेशमा दैनिक भत्ता रु.१२,०००/–, भारतमा दैनिक भत्ता भारु १२,०००/–, भारत बाहेकका अन्य बिदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३००/– ।

(आ) विकास बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालक स्वदेश तथा बिदेश भ्रमणमा जानुपर्ने भएमा परिबहन खर्च, हवाई टिकट, भिषा शुल्क, र अन्य खर्च रकम बिल बमोजिमको प्रदान गरिनेछ ।

(ख) <u>बिशेष प्रस्तावहरु</u> :–

(१) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ र अन्य प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई विदेशी बैंक वा वित्तीय संस्थालाई रणनीतिक साझेदारको रुपमा भित्र्याउने तथा विदेशी बैंक वा अन्य उपयुक्त संस्थालाई बैंकको शेयर बिक्री वा हस्तान्तरण गर्न सकिने भनी प्रवन्धपत्रको दफा ७ (झ) लाई संशोधन/परिमार्जन गर्ने र उक्त संशोधन/परिमार्जन भएपछि रणनीतिक साझेदार ल्याउनका लागी आवश्यक पर्ने सम्पूर्ण व्यवस्थाको कार्यान्वयन गर्न गराउन बैंकको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल पश्चात शेयधनीहरुबाट सर्बसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(२) सञ्चालक समितिको बैठक भत्ता,दैनिक तथा भ्रमण भत्ता लगायतका अन्य सुबिधा बृद्धि गर्ने प्रस्ताव पारीत भए पश्चात नियमावलीको नियम २९ (ख) को (१) (२), नियम २९ (घ) को (अ) (आ) मा संशोधन/परिमार्जन गर्ने सम्बन्धमा पेश भएको निम्न बमोजिमको प्रस्ताव छलफल पश्चात शेयधनीहरुबाट सर्बसम्मतिले पारीत गर्ने निर्णय गरियो ।

<u>प्रबन्धपत्रमा भएको संशोधन, तथा परिमार्जन सम्बन्धी व्यवस्थाहरु</u>

<u>**दफा ७ (झ)**</u> : बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ र अन्य प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई विदेशी बैंक वा वित्तीय संस्थालाई रणनीतिक साझेदारको रुपमा भित्र्याउने तथा विदेशी बैंक वा अन्य उपयुक्त संस्थालाई बैंकको शेयर बिक्री वा हस्तान्तरण गर्न सकिनेछ ।

<u>नियमावलीमा भएको संशोधन, तथा परिमार्जन सम्बन्धी ब्यवस्थाहरु</u>

<u>नियम २९ (ख) को (१) (२)</u> : समितिको बैठकमा उपस्थित भए वापत संचालकले पाउने बैठक भत्ता र सुबिधा देहाय बमोजिम हुनेछ ।

(१) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र सञ्चालकले पाउने बैठक भत्ता क्रमश: रु.१५,०००/- (अक्षरेपी पन्ध्र हजार मात्र) र रु.१३,०००/–(अक्षरेपी तेह्र हजार मात्र) हुनेछ ।



महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय

(२) अध्यक्ष र सञ्चालकले टेलिफोन सुबिधा बापत मासीक रु.४,०००/– (अक्षरेपी चार हजार मात्र), पत्रपत्रीका सुबिधा वापत मासीक रु.३,०००/–(अक्षरेपी तिन हजार मात्र) र इन्टरनेट सुबिधा बापत मासीक रु.४,०००/– (अक्षरेपी चार हजार मात्र) रकम प्रदान गरीनेछ ।

**<u>नियम २९. (घ) को (अ) (आ)</u>** : विकास बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक भत्ता तथा भ्रमण खर्च र अन्य सुबिधा देहाय बमोजिम हुनेछ :

(अ) स्वदेशमा दैनिक भत्ता रु.१२,०००/–(अक्षरेपी बाह्र हजार मात्र) भारतमा दैनिक भत्ता भा रु.१२,०००/– (अक्षरेपी बाह्र हजार मात्र) भारत बाहेकका अन्य बिदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३००/– (अक्षरेपी तीन शय मात्र)

(आ) विकास बैंकको कामको सिलसिलामा अध्यक्ष तथा सञ्चालक स्वदेश तथा बिदेश भ्रमणमा जानुपर्ने भएमा परिबहन खर्च, हवाई टिकट, भिषा शुल्क, र अन्य खर्च रकम बिल बमोजिमको हुनेछ

(३) बिकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा प्रबन्धपत्र तथा नियमावलीमा संशोधन, परिवर्तन, वा थप/घट गर्न, सो सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा प्रचलित बैंक तथा वित्तीय संस्था संबन्धी ऐन तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम विकास बैंकको प्रवन्धपत्र तथा नियमावलीमा भाषागत तथा अन्य सुधार गरी अभिलेख गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव छलफल पश्चात शेयधनीहरुबाट सर्वसम्मतिले पारीत गर्ने निर्णय गरीयो ।

(ग) **विविध** : छलफल गरीने बिषयहरु नभएको ।

१७ **<u>धन्यबाद तथा सभा समापन</u>**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानूभावहरुले सभामा सक्रिय रुपमा सहभागी भई बैंकको काम कारबाहीका सम्बन्धमा बैंकलाई गहकिला सुझाव, सल्लाह दिनु भई सभामा पेश भएका सामान्य र बिशेष प्रस्ताव पारीत गर्नु भएकोमा वहांहरु प्रति आभार प्रकट गर्दै सभामा उपस्थित हुनु भएका सञ्चालकहरु, बैंक व्यवस्थापन, कर्मचारीहरु, आपन्नो अमुल्य समय दिई सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरु लगायत नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लीयरिङ्ग लि.तथा विभिन्न संघसंस्थाहरू, लेखापरीक्षकलाई हार्दिक धन्यबाद दिदै अध्यक्षज्यूबाट बाईसौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ........................ | महालक्ष्मी विकास बैंक लि. केन्द्रीय कार्यालय | ........................ |
| सोमराज पन्त | | राजेश उपाध्याय |
| (कम्पनि सचिव) | | (अध्यक्ष–सञ्चालक समिति) |